जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १३१ • २०८१ फागुन १९ गते सोमवार • 3 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




## मिथिला माध्यमिकी परिक्रमा मटिहानीपछि सुगा हुदै जलेश्वर पुग्दै

**आरजे इर्शाद शेष**
**महोत्तरी, १८ फागुन**

संसार कै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला माध्यमिकी परिक्रमा आज रुचौथो दिन आईतवार महोत्तरीको मटिहानी पुगेको छ। भारतको कल्नाबाट बुधबार फुलहर एवं गिरीजास्थान पुगेर रात्रि विश्राम गरेका परिक्रमाका यात्रुहरू आईतवार बिहान मटिहानीतर्फ प्रस्थान आईपुगेका हुन्। सोमबार बिहानै परिक्रमा सुगा हुदै जलेश्वर पुग्ने बताइएको छ। गिरीजास्थानमा त्रेता युगमा भगवान राम र सीताको पहिलो भेट भएको मानिन्छ। आज परिक्रमा पुग्ने मटिहानीमा त्रेता युगमा सीताको मटकोर भएको धार्मिक विश्वास छ। त्यसकारण १५ दिने परिक्रमाको चौथो पडाव स्थल भनिन्छ।मटिहानी नगरपालिकाले आज परिक्रमाका यात्रुहरूलाई स्वागत गर्न सार्वजनिक बिदासमेत दिएको मटिहानी नगरपालिकाका नगर प्रमुख हरि मण्डलले बताए। धनुषाको कचुरीको मठबाट मिथिला बिहारीजीको डोला



र जनकपुरको रत्नसागरस्थित मठबाट रामजानकीको डोलालाई विधिवत रूपमा निकाली १५ दिने मिथिला माध्यमिकी परिक्रमा बिहिवारबाट प्रारम्भ भएको थियो।परिक्रमामा नेपालको धार्मिक ऐतिहासिक ठाउँहरूको १०७ किलोमिटर र भारतको २६ किलोमिटर गरी जम्मा १३३ किलोमिटर भूभागको यात्रा गरिन्छ। यसलाई मिथिला माध्यमिकी परिक्रमा भन्ने गरिन्छ। जानकारहरूका अनुसार करिब सन् १७९३ तिर साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमा प्रारम्भ गरिएको थियो। सो समयमा वन जंगल घना रहेको र साधुसन्तहरू वनमा आश्रम राखेर बस्ने गरेका थिए। बाघ- भालुजस्ता जंगली जनावरले साधुसन्तमाथि आक्रमण गर्ने र दुःख दिने गरेकाले त्यस्ता जनावरबाट सुरक्षाका लागि परिक्रमाको थालनी गरेको विश्वास गरिन्छ। सन् १७९३ मा पाँचदिने मिथिला माध्यमिकी परिक्रमा रुसुरु भएको थियो। त्यसपछि फेरि सन् १८३१ र सन्१८७० हुँदै सन्१८९५ मा कमलशरण दासले मठाधीशको अधिकार प्राप्त गरेपछि उनले सन् १८९५ देखि १५ दिने मिथिला अन्तगृह परिक्रमा यात्रा आरम्भ गराएको बताइन्छ। त्यसपछि आज पर्यन्त यही क्रम जारी रहेको जानकारहरू बताउँछन्। त्यति बेला जनकपुरधामका ५२ कुट्टीका ५२ सन्त र ३ जना सुसारे गरि ५५ जना सन्तबाट शुरु भएको माध्यमिकी परिक्रमामा अहिले हजारौं सहभागी हुने पत्रकार नवल यादवले बताए। यसैकारण मिथिलाको राजधानी जनकपुरधाम '५२ कुट्टी ७२ कुण्ड'का नामले पनि प्रख्यात भएको हो।परिक्रमामा सहभागीहरूका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानी लगायतको व्यवस्था मिलाउने गरेको छ। परिक्रमा गर्नेहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन्। स्थानीय बासिन्दाले पनि सहभागीका लागि अन्न, दाउराको प्रबन्ध मिलाउँछन्। भोलि सोमवार जलेश्वर, मडै, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, सतोषर, औरही, बिशौल हुँदै पुनः कल्ना पुगी १५ औं दिनमा परिक्रमा टोली जनकपुर आउनेछ। त्यसपछि जनकपुरमा अन्तगृह परिक्रमासँगै परिक्रमा समापन हुनेछ। त्यसको भोलिपल्ट जनकपुरमा होली खेल्ने परम्परासमेत रहेको छ।

## परिक्रमा यात्रीको स्वागतमा जलेश्वर नगरपालिकामा एक दिने स्थानीय विदा




**आरजे इर्शाद शेष**
**महोत्तरी, १८ फागुन**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाले मिथिला माध्यमिकी परिक्रमा अन्तर्गत परिक्रमा यात्रीहरूको स्वागतका लागि एक दिने स्थानीय बिदा घोषणा गरेको छ। परिक्रमाको पाचौं दिन सोमबार जलेश्वरमा परिक्रमा टोली विश्राम गर्ने भएकाले नगरपालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेको हो। नगरप्रमुख सुरेश साह सोनारले आज आइतबार एक सूचना जारी गर्दै धार्मिक तथा सांस्कृतिक महत्त्वलाई मध्यनजर गर्दै बिदा दिने घोषणा गरेका हुन्।

मिथिला माध्यमिकी परिक्रमा प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाबाट सुरु हुने १५ दिने धार्मिक यात्रा हो, जसमा हजारौं श्रद्धालु भक्तजन सहभागी हुन्छन्। मिथिलाञ्चलका बहुचर्चित सांस्कृतिक उत्सव तथा धार्मिक, पौराणिक पदयात्राका रुपमा चिनिने १५ दिने मिथिला परिक्रमा यहि मिति २०८१ फाल्गुन १९ गते सोमबारका दिन जलेश्वर नगरपालिकाको जलेश्वरमा आउने र सो दिन विश्राम स्थल रहने भएकोले सो अवसरमा उक्त दिन अति आवश्यक सेवा बाहेक यस नगरपालिकाको कार्यालय र मातहतका सम्पूर्ण वडा कार्यालयहरु, सम्पूर्ण विधालयहरु एवं स्वास्थ्य संस्थाहरुमा स्थानीय विदा दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी सूचना प्रकाशित गरिएको छ।

## हंसपुर-२ मा लोसपाको वडा कमिटी गठन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ फागुन**

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको धनुषाको हंसपुर-२ मा वडा कमिटी गठन गरिएको छ। आगामी वैशाख २६ गतेदेखि हुन लागेको राष्ट्रिय महाधिवेशनको तयारीको क्रममा धनुषा जिल्लामा पहिलो वडा कमिटी गठन गरिएको हो।

हँसपुर नगरपालिका २ बघचौडा पश्चिमबारी टोलमा शनिबार दिउँसो एक कार्यक्रम बीच राम प्रताप मण्डलको अध्यक्षतामा २१ सदस्यीय वडा कमिटी गठन गरिएको छ। पार्टीका केन्द्रीय सदस्य एवं मधेश प्रदेश समितिका उपाध्यक्ष समेत रहेका पूर्व मेयर रामज्ञान मण्डलको प्रमुख आतिथ्यमा भएको वडा अधिवेशनमा भोलानाथ झा, जिल्ला उपाध्यक्ष झपसी मण्डल, जिल्ला सदस्यसमेत रहेका वडाध्यक्ष उदय कुमार सिंह, नगर संयोजक समेत रहेका वडाध्यक्ष लालबाबु यादव, नगर सचिव विजय झा, निवर्तमान वडाध्यक्ष उदय साह लगायतको उपस्थिति रहेको थियो। रामप्रताप मण्डलको अध्यक्षतामा गठन गरिएको वडा कमिटीको उपाध्यक्षमा रामचन्द्र भण्डारी, सियाशरण सहनी, सचिवमा नगिना मण्डल, सहसचिवमा रामकुमार साह, कोषाध्यक्षमा बिमला मण्डल खत्वे लगायतका रहेका छन्।

**सूचना। सूचना।। सूचना।।।**

**एकडारा गाउँपालिकाको वन शाखाको निजी तथा सार्वजनिक वन लगाउने सम्बन्धी अत्यन्त जरूरी सूचना**

***आदरणीय एकडारा गाउँपालिकाबासी कृप्या ध्यान दिनु होला ।***

यहि मिति २०८१ फाल्गुण १५ गतेदेखि फाल्गुण २५ गतेसम्म निजी वन दर्ता तथा निजी वन तथा सार्वजनिक वन लगाउन सम्पूर्ण एकडारा पालिकाबासीमा जानकारी गराइन्छ ।
यो रुख लगाए बापत तपाईहरुलाई अनुदान उपलब्ध गराइने छ ।
त्यसकारण एकडारा गाउँपालिकाको वन शाखामा गई आ–आफनो निजी वन दर्ता गराऔं । निजी वन लगाउने सम्बन्धी जानकारी लिऔं ।
कम्तीमा २ कठा जमिनमा १ सय वटा रुख लगाउन सकिन्छ ।

***यसको लागि आवश्यक कागजातहरू यस प्रकार छन:***

१. निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. जमिन भएको व्यक्तिले जमिनको लालपूर्जाको फोटोकाँपी ।
४. जमिनको मालपोतमा कर बुझाएको रसिदको फोटोकाँपी ।
५. कृषि सहकारी वा कृषि समूह,कृषि फर्म,महिला उद्यमी सहकारी दर्ता भएको प्रमाणपत्रको फोटोकाँपी ।
६. समूह बैठकको निर्णयको फोटोकाँपी ।
७. महिला, दलित तथा विपन्नवर्गका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

त्यसकारण समयमै गएर आफ्नो निवेदन दर्ता गराऔं । आ–आफ्नो गाउँमा रहेको खाली रहेको ठाउँमा रुख विरुवा लगाएर गाउँघरलाई हराभरा पारौं र स्वस्थ्य वातावरण निर्माण गरौं ।

**थप जानकारीको लागि :-**
**एकडारा गाउँपालिका वन शाखा अधिकृत**
**निशा साह, सम्पर्क मोबाइल:९८५४०३३०१०**

GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12,Kuwa
From 18th Falgun to 23rd Falgun
SPORTS WEEK
Media Partner : Jaleshwor Today National Daily & Online




# युवा, उद्यम र नवप्रवर्तन

*नेपाली कांग्रेसको पार्टी कार्यालय सानेपामा उद्यमशीलता, साना तथा मझौला विकास विभागद्वारा आयोजनामा नेपाल स्टार्टअप र साना तथा मझौला व्यवसायसम्बन्धी दुईदिने सम्मेलन भर्खरै सम्पन्न गरेको छ । कुनै पार्टीले युवालाई नयाँ प्रविधि, उद्यम र सोचसँग जोड्ने आन्तरिक उत्पादनलाई प्रवर्धन गर्ने, नयाँ रोजगारी सिर्जनामा नवीन बहस र अभियान सञ्चालन गर्ने दुर्लभ इनोभेटिभ आइडिया बिरलै देखिन्छन् । यस पटक बिरलै देखिने घनीभूत बहस, विमर्श, जमघट, आशा र उत्साह देखियो । राजनीतिक भाषणमा सधैँ व्यस्त देखिने राजनीतिकर्मी निकै चासो दिएर उद्यमीका नयाँ सोच, समस्या र सफलता सुनिरहेका थिए ।*

*विभिन्न सत्रमा प्रबुद्ध व्यवसायी देशको अर्थतन्त्रदेखि युवासम्म, नीतिदेखि नतिजासम्म, नियमदेखि नियतसम्म, आफ्नै मौलिकतादेखि नवीनतम् उपाय व्यक्त गरिरहँदा बाहिर विभिन्न स्टलमा नेपाली उत्पादनका वस्तुको सजावटले साँच्चिकै कार्यालय परिसर सज्जिएको थियो । स्टल नियाल्न, किनबेच गर्न व्यस्त थिए नेतादेखि कार्यकर्ता सम्म । त्यो सम्मेलनको सैद्धान्तिक विचार र व्यावहारिक अभ्यास नयाँ आशा, आत्मविश्वास र अवसरको ढोका ढक्ढकाइरहेको अनुभूति देखिन्थ्यो ।*

*यस अवसरमा युवा, उद्यम र नवप्रवर्तनका बारेमा मुलकको अवस्था, अवसरका साथै सम्भावना र चुनौतीका सन्दर्भमा राष्ट्रव्यापी बहस, नीतिगत व्यवस्था र व्यावहारिक रूपान्तरण अभियानको सुरुवात अब ढिला गरिनु हुँदैन भन्ने महसुस हुन्थ्यो । युवालाई स्वदेशमै अवसर दिनका लागि सरकारले मात्र होइन, निजीक्षेत्र, गैरसरकारी सङ्घसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा सहभागिताका लागि अब ढिला गरिनु हुँदैन ।*

# मुसहर टोलमा द्रुत सिकाई कक्षा संचालन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ फागुन**

धनुषाको सबैला नगरपालिका-७ मटही टोलमा संचालित द्रुत सिकाई कक्षाले मुसहर समुदायका बालबालिका लाभान्वित भएका छन्।

मुसहर टोलस्थित सामुदायिक भवनमा दैनिक संचालनमा रहेका द्रुत सिकाई कक्षामा ८ देखि १६ वर्ष उमेर समूहका मुसहर समुदायका बालबालिकाहरु पढ्ने गरेका छन् । प्लान इन्टरनेशनल नेपालको आर्थिक एवम् प्राविधिक सहयोगमा आसमान नेपालले संचालन गरेको बालविवाह न्युनिकरण परियोजना अन्तर्गत सबैलामा विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन द्रुत सिकाई कक्षा चलाएको छ।

बालबालिकाहरु अहिले कक्षा संचालन हुने समयमा सामुदायिक भवनमा कापी किताबसहित उपस्थित हुन गरेका छन् । केही दिन अघिसम्म काम नाममा पढ्न नचाहेकी बालिकाहरुको अहिले भने मानसिकता परिवर्तन भएको छ।१२ वर्षीया काजल कुमारी सदालाई अहिले विद्यालय जाने जागर चलेको छ । उनी आउँदो शैक्षिक वर्षको सुरुवातमै विद्यालय भर्ना हुन चाहेकी छिन्। कक्षा ४ मा नामाकरण गराएर नियमित विद्यालय जान्छु, काजलले भनिन्-शिक्षाले मात्रै जीवनस्तर उकास्छ।

दैनिक कामकाजमा समय व्यतित गरेर आफ्नो भविष्य अन्धकारमा पार्न लागेको सम्झिदै द्रुत सिकाई कक्षाले शिक्षा आवश्यक रहेको महसुस गराएको काजलको भनाइ छ । उनीसँगै कक्षामा सहभागी २८ जना बालबालिकाहरु नियमित पढेर विद्यालय जाने तयारीमा जुटेका छन् । गएको सात महिनादेखि कक्षामा सहभागी भएर उनीहरुले आधारभूत शिक्षा हासिल गरेको सहजकर्ता रिपु कुमार यादवले बताए।

अनिवार्य विषयबारे बालबालिकालाई आधारभूत शिक्षा दिइएको छु रिपुले भने-सबै सहभागिले नाम, ठेगाना र किताब पढ्नसमेत जानेको छ। दैनिक दुई घण्टासम्म संचालन हुने द्रुत सिकाई कक्षामा पढन आएका बालबालिकाले सिक्न उत्साहित रहेको रिपुले थपे । तर, गृहकार्यलाई लिएर रिपु खिन्न हुन्छन् । गृहकार्य पूरा गरेर नआउँदा खिन्न लाग्छ। सम्झाई बुझाई गरेर आगामी दिनमा गृहकार्य गरेर ल्याउन प्रेरित गर्ने प्रयास गरेको छु, उनले भने। अभिभावकहरुले पनि आफ्नो बालबालिकाको भविष्यलाई लिएर सचेत हुनुपर्ने उनको तर्क छ । अभिभावकले घरमा थौरै ध्यान दिएमा बालबालिकाले गृहकार्य पूरा गरेर कक्षामा सहभागि हुन्छ।


अभिभावकहरुले चासो नलिएको वडा नं. ७ का वडासदस्य समेत रहेकी स्थानीय कलशिया सदाले पनि स्वीकारिन्। कलशियाको पनि दुई जना नातिनी द्रुत सिकाई कक्षामा पढ्ने गरेकी छन् । १० वर्षीया राजवती कुमारी सदा र १३ वर्षीया रमिता कुमारी सदा सुरुदेखि नै द्रुत सिकाई कक्षामा पढ्दै आएकी छन्। राजवती आउँदो वर्ष कक्षा ४ मा स्थानीय आधारभूत विद्यालय मटहीमै नामाकरण गराउन इच्छुक छिन्। उनले आफू विद्यालय जान चाहेकोले आगामी वर्ष नामाकरण गराउन पहलको लागि आग्रह समेत गरिन्।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


# पालिकाको साँचो सिडिओको जिम्मा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ फागुन**

महोत्तरीको भंगहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा प्रशासनिक कामकाज ठप्प भएको भन्दै नगरपालिकाले वडा र पालिकामा तालाबन्दी गरेको छ। नगरपालिकाका प्रमुख संजिवकुमार साहले आफूलगायत सबै वडा कार्यालय बन्द गरेर साँचो प्रमुख जिल्ला अधिकारीलाई बुझाएका हुन्।

नगरप्रमुख साहले सरकारले प्रमुख प्रशासकीय अधिकृत नपठाएपछि नगरपालिकाका सम्पूर्ण प्रशासनिक कामकाज प्रभावित भएको भन्दै कार्यालयमा ताला लगाएका हुन् । त्यस्तै लामो समयदेखि प्रमुख प्रशासकीय अघिकृत नहुँदा कयौं योजनाहरु अलपत्र परेको उनी बताउँछन्।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मनमा पछुतो आउने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**


### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# हिमपहिरोमा हराइरहेका चार कामदारको खोजी जारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**



भारतीय उद्धारकर्ताहरू आइतबार शून्यभन्दा तल तापक्रममा हिमपहिरोद्वारा पुरिएका मानिएका चार हराइरहेका कामदारलाई खन्न हतारिएका छन्। त्यहाँ हिमपातले अझै बढी हिउँ खस्ने जोखिम बढाइरहेको छ। अधिकारीहरूका अनुसार शुक्रबार उत्तराखण्ड राज्यको तिब्बतसँगको सीमा नजिकै एक निर्माण शिविरमा हिमपहिरो गएपछि ५० भन्दा बढी कामदार हिउँ र भग्नावशेषमा पुरिएका थिए।

राहत टोली ५० कामदारलाई उद्धार गर्न सफल भएको छ तर तिनीहरू मध्ये चार जनाको पछि चोटका कारण मृत्यु भएको छ। राज्य अधिकारीहरूले शनिबार रातिदेखि हिमपहिरोपछि हराइरहेका मानिसहरूको सङ्ख्या पाँचबाट घटाएर चार गरेका छन्। पहिले पुरिएको विश्वास गरिएका एक कामदार सुरक्षित रूपमा घर फर्किएको पाइएको छ। उक्त व्यक्ति शुक्रबारको हिमपहिरोमा पुरिएका थिए कि थिएनन् भनेर अधिकारीहरूले विवरण प्रदान गरेनन् वा भनेनन्। राज्य प्रकोप राहत टोलीले हिमपहिरोको समयमा कामदारहरू बसिरहेका सबै स्टिल कन्टेनरहरू फेला परेको तर त्यहाँभित्र कोही पनि नभएको बताएको छ।

उद्धारकर्ताहरूले आफ्नो प्रयासमा सैनिक हेलिकप्टर, ड्रोन र खोज कुकुरहरू प्रयोग गरेका छन् र सैनिकहरूले हराइरहेका मानिएका चार कामदार पत्ता लगाउन भूमि प्रवेश गर्ने राडार प्रयोग गर्ने तयारी गरिरहेका छन्।

# आमा बन्दै कियरा: भनिन- जुम्ल्याहा सन्तान भइदिइहुन्थ्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**



कियारा आडवाणी आमा बन्ने भएकी छन्। अभिनेत्रीले फेब्रुअरी २८ मा सामाजिक सञ्जालमार्फत यसको घोषणा गरेकी हुन्। अहिले उनको पुरानो भिडियो भाइरल भइरहेको छ, जसमा उनी स्वस्थ र जुम्ल्याहा बच्चा भएको कुरा गरिरहेकी छन्।

यो भिडियो उनको फिल्म प्रमोसनको क्रममा खिचिएको थियो। फिल्म 'गुड न्युज'को प्रमोसनका क्रममा एक अन्तर्वार्तामा पत्रकार फरिदुन शहरयारले उनलाई सोधेका थिए- 'यदि तपाईंका जुम्ल्याहा बच्चा भए भने कुन रूपमा होस् भन्ने चाहनुहुन्छ? दुई छोरी, दुई छोरा कि एक छोरा र एक छोरी?' जवाफमा कियाराले भनेकी छन् - मलाई दुई वटा स्वस्थ सन्तान चाहिएको छ, जुन भगवानले मलाई उपहार दिन सकून्। अन्तर्वार्ताका क्रममा करिना कपुर पनि त्यहाँ थिइन्। उनले कियारालाई जिस्काउँदै भनिन्, 'अनि तिमीलाई ताज मिल्छ।' त्यसपछि कियाराले भनिन्- म छोरा र छोरीलाई जन्म दिन चाहन्छु।' यो अन्तर्वार्तामा जब कियारालाई आफ्नी छोरीमा करिना कपुरको कुन गुण चाहनुहुन्छ भनी सोधिएको थियो। जवाफमा कियाराले भनिन्, 'उनको आत्मविश्वास, उनको अभिव्यक्ति यो सबै चाहन्छु।' करिना १० मा १० गुणले युक्त भएको पनि उनले बताइन्। कियारा र सिद्धार्थको विवाह ७ फेब्रुअरी २०२३ मा जैसलमेरमा भएको थियो। उनीहरूको विवाहको भिडियो पनि सामाजिक सञ्जालमा चर्चित भएको थियो।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आजका लागि निर्धारण गरिएको दरअनुसार अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ।

केन्द्रीय बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३९ रुपैयाँ ७० पैसा र बिक्रीदर १४० रुपैयाँ ३० पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर १४५ रुपैयाँ २४ पैसा र बिक्रीदर १४५ रुपैयाँ ८६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७५ रुपैयाँ ८४ पैसा र बिक्रीदर १७६ रुपैयाँ ६० पैसा, स्विस फ्यांङ्क एकको खरिददर १५४ रुपैयाँ ७३ पैसा र बिक्रीदर १५५ रुपैयाँ ४० पैसा कायम गरिएको छ। यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ८७ रुपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ९७ रुपैयाँ १९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ६० पैसा र बिक्रीदर १०४ रुपैयाँ ०४ पैसा निर्धारण भएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २९ पैसा र बिक्रीदर नौ रुपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १९ पैसा र बिक्रीदर १९ रुपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५० पैसा कायम भएको बैंकले जनाएको छ। यस्तै, थाई भाट एकको खरिददर चार रुपैयाँ ०९ पैसा र बिक्रीदर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ०४ पैसा र बिक्रीदर ३८ रुपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९८ पैसा र बिक्रीदर १३ रुपैयाँ ०४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १९ रुपैयाँ ५६ पैसा तोकिएको छ।

# युगाण्डामा हुने महिला टी-२०आई शृंखलामा यस्ता छन् नेपालका प्रतिद्वन्द्वी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**




मार्चको दोस्रो सातादेखि युगाण्डा क्रिकेट एसोसियसनको आयोजनामा चार देश सम्मिलित महिला टी-२०आई क्रिकेट शृंखला हुँदैछ। मार्च ८ देखि १६ सम्म युगाण्डा, नेपाल, हङकङ र नामिबियाको महिला टोलीको बीचमा डबल राउण्ड रोबिन र त्यसपछि फाइनल हुनेछ।

नेपालले गत महिना घरेलु मैदानमै थाइल्याण्ड र नेदरल्याण्ड्ससँग ३-३ खेलको शृंखला खेलेको थियो। त्यसमा जितविहीन रहेको नेपाली महिला टोलीका लागि एक महिनाभित्रै अर्को अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको मौका जुरेको छ। नेपालले युगाण्डासँग यसअघि घरेलु मैदानमै शृंखला खेलेको थियो भने हङकङसँग पनि खेलिसकेको छ। नामिबियासँग भने महिला क्रिकेटमा नेपालको पहिलो भेट हुनेछ। यस शृंखलाका लागि नेपालले खेल्ने विपक्षी टिमहरूको पछिल्लो अवस्था कस्तो छ त? पछिल्लोपटक खेल्दा नेपालले कस्तो प्रदर्शन गरेको थियो त? यी सबै कुराहरूको बारेमा आज चर्चा गर्नेछौं। सर्वप्रथम नेपाली टोलीबाटै सुरुवात गरौं। नेपाल: नेपाली महिला क्रिकेट टोलीको पछिल्लो फर्म खराब छ। सन् २०२५ मै खेलिएका पछिल्ला ६ खेलमा नेपाल जितविहीन छ। घरेलु मैदानमै गत महिना सम्पन्न नेपाल, थाइल्याण्ड र नेदरल्याण्ड्स सम्मिलित टी-२०आई शृंखलामा नेपालले कुनैपनि खेल जित्न सकेन। शृंखला खेल्नुअघि आईसीसी वरियताको २०औं स्थानमा रहेको महिला टोली शृंखलामा खराब प्रदर्शनपछि एक स्थान तल झर्दै २१औं स्थानमा छ। शृंखला खेल्न लागेको टोलीहरूमध्ये वरियतामा हङकङ नेपालभन्दा एक स्थान तल रहँदा अन्य टोलीहरू नेपालभन्दा माथिल्लो वरियतामा छन्।



बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



महोत्तरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# म्याक्यावेलीको बाटोमा ट्रम्प



-ट्रम्प कुनै राजा, हिटलर, स्टालिन वा मुसोलिनीको बाटो नभएर म्याक्यावेलीको आदर्श राजकुमार बन्ने बाटो हिँडिरहेका छन्। राजनीतिक पुन:संरचनाको अवधिले विश्व प्रणालीलाई अद्यावधिक र पुन: आकार प्रदान गर्न पुस्ता-दर पुस्तालाई अवसरहरू प्रदान गर्छ भन्ने रिचर्ड निक्सनले जस्तै राष्ट्रपति डोनाल्ड ट्रम्पले मसिनो गरी बुझेका छन् ( सन्डर्स पीजे, फ्रिडम अनट्रायल, २०२४) । निक्सनले प्रस्तुत गरेको १९७० को पहिलो वार्षिक विदेश नीति प्रतिवेदन र अहिलेको भूराजनीतिक वातावरण उल्लेखनीय रूपमा सान्दर्भिक मान्ने हो भने ट्रम्पको कार्यशैलीले त्यही पछ्याएको छ ।

निक्सन ह्वाइटहाउस प्रवेश गर्दा विश्व आधारभूत पुन:संरचनाबाट गुज्रिरहेको थियो । उनले एउटा राजनेतृत्वको चुनौती त्यतिबेलाको परिवर्तनको प्रकृति बुझ्नु, त्यसको खुलासा हुँदा अमेरिकी लक्ष्यहरूको परिभाषित गर्नु र तिनलाई प्राप्त गर्ने नीतिहरू तय गर्ने दायित्वलाई राम्ररी बुझेको देखिन्थ्यो । दोस्रो विश्वयुद्धपछिका दुई दशकमा स्थिरता र समृद्धि सिर्जना गर्ने अवस्थाहरूमा परिवर्तन भइरहेको थियो । अमेरिका मुख्य शक्ति भए पनि युरोप र जापान आर्थिक रूपमा नजिक आउँदै थिए । युरोपको आर्थिक र राजनीतिक आत्मविश्वास बढ्दै जाँदा, सोभियत संघबारे युरोपेली दृष्टिकोण परिवर्तन भइरहेको थियो । विली ब्रान्ट १९६९ मा पश्चिम जर्मनीको चान्सलर बनेपछि 'ओस्टपोलिटिक नीति' अघि सारेर सोभियत संघ र पूर्वी ब्लकका देशहरूसँग तनावको सट्टा सहकार्यको बाटो रोजेका थिए । सोभियतसँग १९७० मा 'मस्को सन्धि' मा हस्ताक्षर गरिएको थियो । आणविक सन्तुलनमा उत्पन्न परिवर्तनका कारण अमेरिका सोभियतको तुलनामा रणनीतिक श्रेष्ठतामा कमजोर महसुस गर्दै थियो । चीनले समेत आणविक हतियारको विकास गरिरहेको थियो । यस्ता परिवर्तनहरूबाट सैन्य शक्ति सन्तुलनमा परिवर्तन भएको यथार्थवादी संश्लेषणमा निक्सन पुगेका थिए । बदलिँदो आणविक परिदृश्यले नेटोका लागि नयाँ चुनौती ल्याएको भन्दै निक्सनले बेलायती पूर्वप्रधानमन्त्री ह्यारोल्ड म्याकमिलनको धारणालाई अघि सार्न पुगे-गठबन्धनहरू प्रेमले होइन, डरले एकसाथ हुन्छन् । निक्सनले अन्तर्राष्ट्रिय कम्युनिस्ट एकताको मार्क्सवादी सपना विघटन भइरहेको परिवेशबाट फाइदा उठाउने नीति अख्तियार गरे । सोभियत संघ र कम्युनिस्ट चीन शत्रुका रूपमा आमनेसामने हुँदै थिए । कम्युनिस्टहरूकै बीचमा त्यसलाई 'महान् विवाद' नामकरण गरिएको थियो । शान्ति स्थिर छैन, यसलाई कायम राख्न अन्य शक्तिहरूले आफ्नो हितमा काम गर्दा निरन्तर 'क्यालिब्रेसन' आवश्यक पर्छ भन्दै निक्सनले आफ्नो पुस्तक 'वास्तविक शान्ति' मा लेखेका छन: वास्तविक शान्ति कुनै जादुयी सूत्रबाट आउने छैन, जुन अचानक र एक पटकका लागि 'फेला पारिनेछ', जस्तै वाचा गरिएको भूमि वा पवित्र ग्रेल ।

वास्तविक शान्ति एउटा प्रक्रिया हो– प्रतिस्पर्धी राष्ट्रहरू, प्रतिस्पर्धी प्रणालीहरू र प्रतिस्पर्धी अन्तर्राष्ट्रिय महत्त्वाकांक्षाहरूबीच द्वन्द्व व्यवस्थापन र नियन्त्रण गर्ने निरन्तर प्रक्रिया । शान्ति द्वन्द्वको अन्त्य होइन, बरु द्वन्द्वसँग बाँच्ने साधन हो । एक पटक स्थापित भएपछि, यसमा निरन्तर ध्यान दिनु आवश्यक हुन्छ, नत्र यो टिक्दैन (पृ. ७, १९९०) । शान्तिका सर्तहरू: हामी यतिबेला अन्तर्राष्ट्रिय सम्बन्धमा पुन:संरचनाको क्षणको किनारामा उभिएका छौं । यो १९९० को दशकमा एकीकृत भएको उदार अन्तर्राष्ट्रिय व्यवस्थाको अन्त्यको आशा र डरले भरिएको क्षण हो, किनकि पुराना खराब र राम्रा दुवै निश्चितताहरू हराउँदै छन् । यस्ता निर्णायक क्षणहरूमा सक्षम सञ्चालकहरूभन्दा करिश्मायी अवसरवादीहरू चम्किन्छन् । शान्तिलाई कायम राख्न जिम्मेवारी बाँडफाँट आवश्यक हुन्छ । साझेदारीमा दायित्व र लाभ दुवै हुन्छन् र दुवै बाँडिनुपर्छ । अमेरिकाको विशिष्ट रूपले 'आफैं गर' भन्ने भावना र स्वस्थ अधैर्यताले अमेरिकी विदेश नीतिमा 'सबै आफैं गर्ने' प्रवृत्ति निम्त्याउन सक्ने जोखिमलाई निक्सनले सूत्रबद्ध गरेका थिए । 'हाम्रा विदेशी मित्रहरूको थप जिम्मेवार सहभागिता' आवश्यक छ भन्ने निष्कर्षमा निक्सन पुगेका थिए । समयक्रममा यसलाई नै 'निक्सन डक्ट्रिन' का रूपमा चिनियो: अमेरिकाले आफ्ना सहयोगी र मित्रहरूको रक्षा र विकासमा भाग लिनेछ तर सबै 'कल्पना गर्न' सक्दैन र गर्दैन । खतरामा परेको राष्ट्रले आफ्नो रक्षाका लागि जनशक्ति उपलब्ध गराउने र कार्य गर्ने प्राथमिक जिम्मेवारी उसले नै बहन गर्नुपर्नेछ । अहिले ट्रम्पले यही वास्तविकता युक्रेन र नेटो देशहरूलाई स्मरण गराएका मात्र हुन् । ह्वाइटहाउसमा पुगेर फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले दाबी गरेका साना कदमहरू अगाडि बढ्न अर्थपूर्ण साबित हुन्छन् कि हुँदैनन् भन्न अहिले धेरै हतार हुनेछ । ट्रम्पको बचनको मूल्य जति छ, त्यति नै हो (द इकोनोमिस्ट, २४ फेब्रुअरी २०२५) । शान्ति स्थापनाको सर्तले गर्दा त्यही दिनको बिहान नेटो सहयोगीहरूमा चिन्ताका बीच अमेरिका रुसले युक्रेनमा गरेको आक्रमणको निन्दा गर्ने संयुक्त राष्ट्रसंघको प्रस्तावको विपक्षमा र रुसको पक्षमा मतदान गर्न पुग्यो ।

अर्कातिर युरोपेलीहरूले आफ्नो महादेशमा युद्धपछिको सुरक्षा व्यवस्थाको उल्टोपाल्टोको जवाफ दिन हतार गर्दै छन् । पहिले अमेरिकाको एकपक्षीय कूटनीतिक पहलप्रति असहमत रहेका म्याक्रोंले वासिङ्टन भ्रमणअघि ३० युरोपेली र सहयोगी नेताहरूसँग छलफल गरेका कारण नै ट्रम्पसँगको कुराकानीलाई निकै उत्पादनशील तरिकाले अगाडि बढाउन सकेका हुन् । युक्रेन युद्ध सुरु भएदेखि नै कुनै पनि युरोपेली नेताभन्दा बढी वार्ता पक्षधरका रूपमा उनी उभिँदै आएका थिए । निक्सनलाई टिकाउ शान्ति कायम राख्न शक्ति आवश्यक छ भन्नेमा गहिरो विश्वास थियो (हर्मन ए, एपी, २२ जुलाई २०२४) ।

साभार : कान्तिपुर ।













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday